Samaj Anweshan. voi. 4. No.Special Issue (Nari Bisheshank). May 2026
DOI : https://doi.org/10.3126/anweshan.v7i01.95056
Research Article
ISSN: 3021-9035 Print

# सामाजिक विकासमा महिला सहभागिता

✍सुस्मिता नेपाल
susmita.nepal@gmail.com

## लेखसार

सामाजिक विकासमा महिलाको सहभागिता समाजको प्रगति र समावेशी विकाससँग प्रत्यक्ष रूपमा सम्बन्धित विषय हो । प्रस्तुत अनुसन्धानात्मक लेखमा नेपालको सामाजिक विकास प्रक्रियामा महिलाको सहभागिताको अवस्थालाई शिक्षा, आर्थिक गतिविधि, राजनीतिक र स्वास्थ्य क्षेत्रका आधारमा विश्लेषण गरिएको छ । ऐतिहासिक रूपमा पितृसत्तात्मक सामाजिक संरचना, धार्मिक तथा सांस्कृतिक मान्यताहरू, शिक्षा र आर्थिक स्रोतमा सीमित पहुँचजस्ता कारणहरूले महिलाहरूको सहभागिता कमजोर बनेको देखिएको छ। तथापि पछिल्ला दशकहरूमा शिक्षा विस्तार, कानुनी सुधार, सामाजिक चेतना तथा महिला सशक्तीकरण कार्यक्रमहरूको प्रभावले महिलाको सहभागितामा क्रमिक सुधार भए पनि त्यसले समाजिक विकासमा त्यति प्रभावकारी बनाउन सकेको छैन। राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा महिलाहरूको जनसङ्ख्या पुरुषहरूको भन्दा बढी भए पनि साक्षरता दर अझै पुरुषको तुलनामा कम रहेको छ । आर्थिक क्षेत्रमा महिलाहरू कृषि घरेलु उत्पादन र साना उद्यममा सक्रिय भए पनि औपचारिक रोजगारी, वित्तीय स्रोतमा उनीहरूको पहुँच सीमित रहेको छ । राजनीतिक क्षेत्रमा संविधानले समानुपातिक समावेसशी सिद्धान्त र महिलाको प्रतिनिधित्व सुनिश्चित गरे पनि प्रत्यक्ष निर्वाचन र नेतृत्व तहमा महिलाको सहभागिता अपेक्षाकृत न्यून रहेको छ । स्वास्थ्य क्षेत्रमा भने सामुदायिक महिला स्वास्थ्य स्वयम् सेविका, नर्स र अरू महिला स्वास्थ्यकर्मीहरूको सक्रिय भूमिकाले मातृ र शिशु स्वास्थ्य सुधार, संस्थागत प्रसूति वृद्धि तथा स्वास्थ्य चेतना अभिवृद्धिमा उल्लेखनीय योगदान पुऱ्याएको छ। यो अध्ययनले सामाजिक विकासलाई दिगो तथा समावेशी बनाउन महिलाको शिक्षा, आर्थिक सशक्तीकरण, राजनीतिक सहभागिता तथा स्वास्थ्य क्षेत्रमा सक्रिय भूमिका सुनिश्चित गर्नुपर्ने आवश्यकतालाई जोड दिएको छ। राज्यका नीति, कानुन तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनबाट महिलालाई समान अवसर, अधिकार र स्रोतमा पहुँच प्रदान गर्न सकेमा मात्र लैङ्गिक समानता स्थापना भई समुन्नत र न्यायपूर्ण समाजको निर्माण गर्न समाज विकासमा महिलाको पनि समान सहभागिताको आवश्यक रहेको छ।

## शब्दकुञ्जी

महिला सशक्तीकरण, लैङ्गिकता, समता, समानता, सामाजिक विकास

## विषय प्रवेश

एउटै समूहमा मिलेर बस्ने मानवहरूको समूहलाई समाज भनिन्छ। समाजमा व्यक्तिले निश्चित स्थान, संस्कृति, नियमकानुन, मूल्यमान्यताका साथै आपसी सम्बन्धका आधारमा सहकार्य गर्दै जीवनस्तरलाई अगाडि बढाइरहेको हुन्छ । समाजका प्रत्येक व्यक्तिले आफ्नो क्षमताको उच्चतम तहसम्म पुग्न सक्ने गरी उनीहरूको जीवनस्तर, सुविधा र आत्मविश्वासमा सकारात्मक सुधार गर्नु नै सामाजिक

✍ लेखक विश्वभाषा क्याम्पसमा शिक्षण सहायक हुनुहुन्छ।

विकास हो, जसले गरिबी, असमानता र विभेद हटाएर सबैका लागि समान अवसर, सुरक्षा, शिक्षा र स्वास्थजस्ता आधारभूत आवश्यकताको सुनिश्चितता गरी समन्यायिक समाजको निर्माण गर्ने प्रक्रियालाई बुझाउँछ।

समाज विकासमा महिलाको सहभागिता हुन समाजको संरचनामा नारी र पुरुषको उत्तिकै महत्त्व रहँदै आएको छ। मानवको शारीरिक भिन्नताका कारणले नारीलाई तल पार्ने, नारीको भूमिकालाई गौण अवस्थामा ल्याइएको कारणले समाजमा असन्तुष्टि पैदा हुन थाल्यो । यस किसिमको विभेद समाज, संस्कृति, शिक्षा, राजनीति, धर्म, कला, साहित्यजस्ता विषय र क्षेत्रमा पनि देखिन थाले। समाजमा पितृसत्ताको मनोमानीका साथै तर्कपूर्ण ढङ्गमा नारीलाई पुरुषहरूभन्दा कमजोर र तल पार्न थालियो । महिलाका आधारभूत आवश्यकता, चाहना, जातीयता, लैङ्गिकता, सामाजिक, आर्थिक, वर्गीयता, शैक्षिक स्थिति, धर्म, समाजिक अन्याय, अनिश्चित वातावरण, पटकपटक गर्भधारण, रूढिवादी चिन्तनको सिकार, घरेलु हिंसा आदि महिलाई दबाउने मुख्य कारणहरू हुन्। महिलामाथि दमन हुनुमा यी कुराहरू कारकका रूपमा देखिए पनि सबै महिलाहरू माथि पितृसत्तात्मक सोच दमनको मुख्य विषयवस्तु बनेको छ (टाइसन्, सन् १९५० पृ. १०५) । महिलाहरू माथि दमन गर्ने प्रवृत्ति अलगअलग भए पनि अधिकांश महिलाहरू स्वतन्त्र भएर बस्न नपाएकाले गर्दा यस्ता परिस्थितिको विरूद्धमा नारीमा आएको चेतनाले गर्दा नै नारीवादको जन्म हुन पुगेको देखिन्छ।

नेपालको कुल जनसङ्ख्याअनुसार आधाभन्दा धेरै भाग ओगटेका महिलाका सक्रिय सहभागिता र उत्पादकत्वमा नै देशको सामाजिक विकासको गति रहेको कुरा निर्विवाद छ। यसै परिप्रेक्ष्यमा महिलाको सामाजिक, शैक्षिक, आर्थिक तथा राजनीतिक स्तरलाई माथि उठाउनुलाई सामाजिक विकासको महत्त्वपूर्ण पक्ष मान्नुपर्ने देखिन्छ। वि.सं. २०७८ सालको जनगणनाअनुसार नेपालको कुल जनसङ्ख्यामध्ये महिलाहरू ५१ दसमलब १ प्रतिशत र पुरुषहरू ४८ दशमलब उनान्सय प्रतिशत रहेको देखिन्छ। त्यसैले सामाजिक विकासको अभियानलाई तीव्र गतिमा सञ्चालन गर्न महिलालाई विकासको प्रत्येक क्षेत्रमा प्रभावकारी रूपमा सहभागी गराउनु धेरै आवश्यक देखिन्छ। त्यसका लागि महिलाको प्रतिभा र दक्षतामा वृद्धि गरी उनीहरूको शैक्षिक, आर्थिक, स्वास्थ्य र राजनीतिक स्तरलाई माथि उठाउनुपर्ने कुरा अतिआवश्यक देखिन्छ।

सामाज र धर्मका नाममा विभिन्न खाले भेदभावका कारण सामाजिक विकासमा महिलाहरूको सहभागितालाई नगन्य रूपमा हेरिँदै आएको छ। विशेष रूपमा सामाजिक, आर्थिक, शैक्षिक, स्वास्थ्य, राजनीति, रोजगारी सबै क्षेत्रमा महिला सहभागिता कमजोर देखिन्छ। यसै सन्दर्भमा प्रस्तुत अनुसन्धानात्मक लेखका मुख्य उद्देश्यहरू निम्न रहेका छन्–

१. नेपालको शिक्षा, स्वास्थ्य, अर्थतन्त्र र राजनीतिमा महिलाको सहभागिताको वर्तमान अवस्था विश्लेषण गर्नु,
२. राज्यका महत्त्वपूर्ण निकायहरूमा महिलाको सहभागिताले पार्ने प्रभावका कारणहरूको अध्ययन गर्नु,
३. राज्य संरचनामा महिलाको सहभागिता वृद्धि गर्न सकिने सम्भावित उपायहरूको खोजी गर्नु।

## *अध्ययनविधि*

यस अध्ययनको लागि प्राथमिक र द्वितीयक स्रोतका सामग्री प्रयोग गरिएका छन्। प्राथमिक स्रोत प्रत्यक्ष रूपमा पहिलो पटक सङ्कलन गरिएको मौलिक सूचना अथवा तथ्याङ्कअन्तर्गत पर्छ। अनुसन्धानकर्ताले आफैँ सम्बन्धित व्यक्ति, स्थान अथवा घटनाबाट प्रत्यक्ष रूपमा प्राप्त गरेको सामग्रीलाई प्राथमिक स्रोत भनिन्छ। यसप्रकारका स्रोतहरू वास्तविक, मौलिक र प्रत्यक्ष प्रमाणका रूपमा मानिन्छन्। द्वितीयक स्रोतअन्तर्गत पुस्कालयीय कार्य, पुस्तक, पत्र–पत्रिकाका लेखहरू, सरकारी रिपोर्टहरू, तथ्याङ्क तालिका प्रयोग गरिएको छ। यस अध्ययनको ढाँचा विषयवस्तु विश्लेषण गर्ने गुणात्मक अध्ययन विधिको प्रयोग गरिएको छ। साथै यसमा विवरणात्मक र विश्लेषणात्मक विधिको पनि प्रयोग गरिएको छ। यस अध्ययनलाई प्रभावकारी र

उद्देश्यमूलक बनाउनका लागि शैक्षिक, आर्थिक, स्वास्थ्य र राजनीतिका साथै नेपाल सरकारको तथ्याङ्क विभागले निकालेको परिणामका आधारमा महिला सहभागिताको विश्लेषण गर्नु यस अध्ययनको सीमा रेहको छ।

## *अवधारणात्मक पर्याधार*

मान्छे सामाजिक परिवेशमा जन्मन्छ। एउटै आमाको कोखबाट जन्मने सन्तानमा भेदभाव हुने मान्यता स्थापित हुन थाल्दा यसो हुनु हुँदैन भन्ने चेतना सञ्चार हुँदा हरेक मान्छेले आफ्नो मूल्य र अस्तित्व खोज्ने क्रम अगाडि बढ्दै जान थाल्यो । नारीप्रति दमन शोषण जहाँजहाँ बढ्दै आयो वा पितृसत्ताको आक्रामकता जहाँ देखियो त्यहाँ ढिलो चाँडो नारीवादले आकार लिँदै जान थाल्यो। यसरी परिवार, समाज, धर्म, संस्कृति, परम्परा, सत्ता, शक्तिका आडमा पुरूषद्वारा नारीहरूलाई गरिएका सबै किसिमका गरिएको दमनको विरोधको क्रममा नारीवादको जन्म भएको हो ।

पूर्व पश्चिम दुवै तर्फका धर्महरूलाई हेर्दा मनुदेखि अरस्तुसम्म हिन्दु धर्मदेखि क्रिश्चियन धर्मसम्म, त्यस्तै प्रख्यात साहित्यकार बाल्जाकदेखि मानवतावादी रूसोसम्मका विचारमा महिलामाथि न्यायको दृष्टिकोण रहेको उत्ति पाइँदैन ।हिन्दु धर्ममा मनुले नारीलाई स्वतन्त्रता दिन नहुने कुरा बताएका छन् भने तुलसी रामायणमा नारीलाई ढोल, मूर्ख, शुद्र र पशुसँग तुलना गर्दै प्रताडनाको आधिकारिक रूपमा प्रस्तुत गरिएको छ। इशाइ धर्मले होवा (आदिम स्त्री) को कारणले सिङ्गो संसार विपदमा फसेको बताइएको छ। चिनको कन्फ्युसियन धर्मले पनि महिलाहरू जीवनमा तिनोटा (पिता, पति र पुत्र) का अधिनमा बस्नुपर्ने कुरा बताएको छ (त्रिपाठी, २०६८, पृ. १५)। यसरी सामाजिक, धार्मिक क्षेत्रमा महिलाको स्वतन्त्र अस्तित्वलाई सधैँ तल्लो दर्जाको स्थितिमा पुऱ्याएकोले महिलाहरूको समाजिक विकास र परिवारमा रहेको भूमिकाको उल्लेख भएको पाईँदैन । समाजिकमा विकास र परिवारमा महिला सहभागिता विना समाज र देशको विकास हुन सक्तैन । समाजमा महिलाले पाउने नैसर्गिक अधिकारबाट बञ्चित गराउनु समाजको न्याय विरुद्ध मानिन्छ। नारीवाद एउटा सिद्धान्त र चिन्तनमात्र नभई यो एउटा विद्रोह पनि हो । नारीवादी लेखनको पृष्ठभूमिका रूपमा नारीमुक्तिसम्बन्धी विभिन्न आन्दोलन र अभियानहरूले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ (अधिकारी, २०६७, पृ. ६७–६९) । नारीवादले नारी जीवनमा सुधारको चाहना राख्दछ। यही सुधारको बाटोबाट नै समाज विकसित बन्दै जान्छ।

अमेरिका र युरोपमा नारीवादलाई उदार नारीवाद, उग्र नारीवाद, मार्क्सवादी नारीवढाद, समाजवादी नारीवाद धारामा विभाजन गरिएको छ। यी विभिन्न चार धाराहरूमध्ये समाजवादी नारीवादलाई सामाजिक विकासमा महिलाको सहभागितालाई जोडेर हेरिएको छ।

## *समाजवादी नारीवाद*

समाजवादी नारीवाद परम्परित दृष्टिले संरचित समाजको पुनः संरचना हुनु पर्ने, पुरातन र एकल आधिपत्य संस्कृतिको अन्त्य भएर नव सांस्कृतिक संरचना निर्माण हुनुपर्ने त्यस्तै नारीको जिम्मेवारी समान रूपमा व्यवस्थित र पुनर्व्याख्या हुनुपर्छ भन्ने मान्यता लिएर अगाडि बढेको नारीवाद हो । यसै सन्दर्भमा डा. सुधा त्रिपाठीको विचार यसरी प्रस्तुत भएको छ– यो नारीवाद कतै मार्क्सवाद कतै आमूल नारीवादका विचारलाई वरण गर्दछ। यसले वर्ग विभाजनभन्दा पनि पुरुष प्रभुत्वको अस्तित्व पहिले प्रादुर्भाव भएको हो भन्ने दृष्टिकोण अगाडि सारेको छ। समाजवादी नारीवाद मूलतः वर्ग र लिङ्गबिचको सम्बन्ध अन्योन्याश्रित रहन्छ भन्नेमा प्रतिबद्ध छ। यही वर्गीय एवम् लिङ्गीय सन्दर्भलाई अर्को शब्दमा पुँजीवाद र पितृसत्ता पनि भन्ने गरिन्छ। घरेलु कामको पुनर्वितरण र बाहिरका काममा समान ज्याला प्राप्त गर्ने सन्दर्भलाई समाजवादी नारीवादले आफ्नो अभीष्ट बनाएको छ (त्रिपाठी, सन् २०१२, पृ. १११–११२ )। यसरी नै समाजवादी नारीवादले नारीको बाहिरी श्रम बाहेक पत्नी, आमा भएर गरिने घरेलु श्रम र त्यसको शोषणलाई पनि लिएर लैङ्गिक मात्र नभई जातीय तथा सांस्कृतिक दमन केलाएर यसले समाजको

पुनः संरचनामा जोड दिन्छ। महिला उत्पीडनको मुख्य स्रोत श्रममाथि पुरुषको नियन्त्रण हुनु हो भन्ने तर्क यस नारीवादको रहेको छ। नारीको घरको कामलाई प्रायः गरी उत्पादक श्रमका रूपमा लिइँदैन। संसारका दुईतिहाइ श्रम नारीहरूले नै गर्ने, तिनले नै संसारको पचास प्रतिशत खाद्य पदार्थको उत्पादन गर्ने तर संसारको सम्पूर्ण भूभागमध्ये पाँच प्रतिशत मात्र तिनको स्वामित्व रहेको छ र संसारकै आय स्रोतको दश प्रतिशत मात्र नारीको हात पर्ने गरेको बुझिन्छ (उप्रेती, २०६८, पृ. २३६)। यसले गर्दा महिलाहरूको यौनिकता र प्रजनन शक्ति आफ्नै नियन्त्रणमा हुन नसकेको र आर्थिक साधनहरूमा पनि महिलाहरूको पँहुच सीमित रहेको छ।

समाज व्यवस्थाका कारणले नै सामाजिक असमानता र लैङ्गिक असमानताको सृजना हुने कुरालाई समाजवादी नारीवादले अगाडि सारेको छ। यसले मानव जीवनको भौतिक र आर्थिक अवस्था मात्र नभई मानव शरीर, कामुकता, बच्चा उत्पादन, रेखदेख र घरेलु कामलाई समेत समेटेको छ। सामाजिक सङ्गठनको चित्र देखाउने क्रममा मानवीय चेतना, उत्प्रेरणा, ज्ञान विचार जस्ता पक्षसहित सामाजिक असमानताका भिन्नता र तिनको एक अर्कासँगको सम्बद्धतालाई उतारेको छ। वर्गीय समाज व्यवस्ताका कारणले मात्र नारीहरू शोषित र उत्पीडित भएका होइनन् यो वर्ग उत्पत्ति हुनु अगाडिनै नारी शोषण र उत्पीडन सुरु भइसकेको भन्ने कुरा या नारीवादले स्वीकार्छ। लैङ्गिक असमानताले भित्र्याएको श्रम विभाजनले समाजका प्रत्येक तहमा महिला पुरुषको अधिनमा रहनु परेको कुरा यस सिद्धान्तले मानेको छ। समाजवादी नारीवादमा नारी पुरुष साझा जिम्मेदार मान्छ। त्यस्तै साझा जीवनको सहभोगका कारण समग्र संरचनामा भरथेग हुन्छ भन्ने मान्यता राख्छ। वर्ग, जाति, लिङ्ग, उमेर क्षमता आदिको निरूपणमा पुरुषको एकाधिपत्य समाप्त भएको हुनुपर्दछ भन्ने आवाज उठाउने कार्य गर्नु नै समाजवादी नारीवादको प्रार्पत हो। सामाजिक विकासमा महिलाको सहभागिताको अवस्थामा यो सिद्धान्त उपयोगी देखिन्छ।

## सामाजिक विकासमा महिला सहभागिता

२०७८ सालको जनगणनामा आधाभन्दा बढी सङ्ख्या ओगटेका महिलाहरूको सामाजिक विकासमा सहभागितामा ठुलो महत्त्व रहेको हुन्छ। जसले समाजका हरेक क्षेत्रमा प्रगतिको बाटो खोल्न मद्दत गरेको हुन्छ। शिक्षाले हरेक व्यक्तिलाई उन्नतिको बाटोतिर लैजान्छ। समाज विकासको लागि पुरुष र महिला दुवै शिक्षित हुन जरूरी हुन्छ। महिला साक्षरताले महिलालाई ज्ञान, सीप तथा चेतना प्रदान गरी उनीहरूलाई आफ्नो अधिकार, कर्तव्य र अवसरहरूको बारेमा सचेत बनाउँछ। शिक्षित महिलाले समाज तथा परिवारमा सकारात्मक परिवर्तन ल्याउन महत्त्वपूर्ण भूमिका खेल्न सक्छन्। त्यस्तै महिलाको आर्थिक सहभागिताले उनीहरूलाई आत्मनिर्भर र सशक्त बनाउँछ। जसले परिवारको आर्थिक अवस्था सुधार्नुको साथै गरिबी न्यूनीकरणमा सहयोग पुऱ्याउँछ। राजनीति क्षेत्रमा महिलाको सहभागिता बढ्दा नीति निर्माण र निर्णय प्रक्रियामा महिलाको आवाज समेटिन पुग्नुको साथै लैङ्गिक समानता तथा समावेशी नियमलाई मजबुत बनाउँछ। स्वास्थ्थ अवस्था राम्रो भएका महिलाले परिवार, समाज र राष्ट्रको विकासमा सक्रिय प्रभावकारीको भूमिका निर्वाह गर्न सक्छन्। त्यसैले यस अनुसन्धानात्मक लेखमा सामाजिक विकासमा महिलाको सहभाहिताका लागि महिला साक्षरता, आर्थिक अवस्था, राजनीतिक सहभागिता तथा स्वास्थ्य अवस्थाको बारेमा विश्लेषण गरिएको छ।

## सामाजिक विकासमा महिला साक्षरता

नेपालमा शैक्षिक अवस्थाका इतिहासलाई हेर्दै आउँदा शिक्षा नै संस्कृतिको जननी हो। ढुङ्गे युगदेखि मानव विभिन्न रचणहरू पार गर्दै आजको विज्ञान तथा प्रविधिको युगमा आइपुग्नु शिक्षाको ठुलो भूमिका रहेको छ। लामो समयदेखि महिला शिक्षाबाट वञ्चित भएका थिए।

शिक्षा मानिसको नैसर्गिक अधिकार हो। त्यसैले शिक्षा महिलाको पनि स्वतः अधिकारको विषय हो। शिक्षाबाट कसैलाई पनो वञ्चित गरिनु उसका सामाजिक, आर्थिक,

कानुनी आदि अधिकारबाट वञ्चित गरिनु हो। आदिम युगमा मातृप्रधान समाजमा महिलाहरू सम्मानित थिए। प्राचीन वैदिक समाजमा महिलाहरू शिक्षित भएकै कारणले गार्गी, मैत्रयी, घोषा, विश्वम्भरा आदिका नाम इतिहासको पानामा उल्लेखित छ। कयौँ वेदका मन्त्रहरूको सृजना महिलाहरूले गरेका थिए। पछि उत्तर वैदिककालमा बालविवाहको प्रचलन बढेसँगै महिला शिक्षामा कमी आयो (शर्मा, २०७५)। समयको गतिसँगै समाजमा विभिन्न प्रचलनहरू विकसित हुँदै गए। यसै सन्दर्भमा पुरुषले महिलालाई दमन गर्न पढ्न लेख्न नै रोक लगाइदिए। वेद, गीता, गायत्री मन्त्रजस्ता ज्ञानवर्धक ग्रन्थहरू महिलाले पढ्नै नहुने यदि पढीहाले पनि बहुलाइन्छ भन्ने भ्रम छरिदिए। यसले महिला साक्षरतामा कमी ल्याएको देखिन्छ। महिलाले जन्मदेखि नै लैङ्गिक विभेद खेपेर बाँच्नु पर्थ्यो। गाउँमा शिक्षाको अवसर पुरुषले मात्र पाउँथे। छोरीले शिक्षाको अवसरबाट वञ्चित हुन्थे। सहरमा पनि सबैले छोरीलाई पढाउनु पर्ने अनिवार्यता महसुस गर्दैनथे (त्रिपाठी, सन् २०१२, पृ.१६२)। यो पितृसत्तात्मक सोच लामो समयदेखि नेपाली समाजमा जरो गाडेर बसेको छ।

शिक्षाले नै महिला र पुरुषबिचको असमानतालाई समानताको बाटोतिर लैजान्छ र सामाजिक विकासमा मदत गर्दछ। देशमा नयाँ शिक्षा लागु भएको पनि आधा शताब्दी भइसक्यो। आत्मनिर्भर बनाउने, वैज्ञानिक शिक्षा दिनुको सट्टा अन्धविश्वासलाई नै प्रश्रय दिने शिक्षा अझै हट्न सकेको छैन। यसले महिलाको शैक्षिक विकासमा कमी आएको देखिन्छ। नेपालको राष्ट्रिय जनगणना २०६८ र २०७८ को समाजमा पुरुषको सङ्ख्याभन्दा महिलाको सङ्ख्या बढी रहेको छ। यही जनगणनाअनुसार महिलाको साक्षरता के कस्तो रहेको छ। प्रस्तुत तालिकाबाट हेर्न सकिन्छ।

***तालिका १. नेपालको राष्ट्रिय जनगणना २०६८ र २०७८ को अनुसार महिला साक्षरता***

| कुल | पुरुष | महिला | अन्य लिङ्ग |
|---|---|---|---|
| २०६८-कुल जनसङ्ख्या २६४,९४,५०४ | १२८,५९,०४१ | १३६,४५,४६ | १५९८ |
| कुल साक्षरता ६५.९% | ७५.१% | ५७.४% | ५६% |
| २०७८- कुल जनसङ्ख्या २९१,६४,५७८ | १४२,५३,५५१(४८.९८%) | १४९,११,०२७ (५१.०२%) | ९२८ (0.0१%) |
| कुल साक्षरता ७६.३% (५ वर्ष वा सोभन्दा माथि- औसत) | ८३.६% | ६९.४% | ७0% |

***(स्रोतः केन्द्रीय तथ्याङ्क कार्यालय)***

माथिको तालिकाअनुसार २०६८ को जनगणनाअनुसार पुरुष साक्षरताको अनुपातमा महिला साक्षरता १९ प्रतिशतले कम थियो भने दश वर्षको अन्तरालमा महिला साक्षरता १४ प्रतिशले मात्र कम छन। यस अनुसार ५ प्रतिशतले महिला साक्षरता बढे पनि पुरुषको साक्षरता दरको हाराहारीमा पुग्न सकेको छैन।

जसले गर्दा नेपाली महिलाहरू हरेक क्षेत्रमा जस्तै शैक्षिक क्षेत्रमा पनि पछाडि परेका छन्। यही कारणले गर्दा सन्तानमा समेत शैक्षिक योग्यता वृद्धि गर्नमा प्रत्यक्ष असर पुगेको छ। जहिलेसम्म महिलालाई उचित व्यावहारिक, व्यवसायिक शिक्षा दिन सकिन्न त्यति बेला उनीहरूलाई सक्षम बनाउन र मुहिला सशक्तीकरणलाई प्राथमिकता साथ अगाडि बढाउन सकिँदैन।

२०७८ को जनगणनाअनुसार नेपालको साक्षरता दर ७६.२ प्रतिशत रहेकोमा पुरुष ८३.६ प्रतिशत र महिला ६९.४ प्रतिशत साक्षरता रहेको छ। यसबाट सयमा ३१ महिला अझै निरक्षर रहेका छन्। महिला साक्षरता दर पनि मधेस प्रदेशमा ५४ र सुदूरपश्चिममा ६८.२ प्रतिशत रहेको नेपालमा अझै पनि ५ वर्ष माथिका साढे ६३ लाख मानिस निरक्षर छन् र त्यसमा पनि महिलाको सङ्ख्या धेरै रहेको छ (राई, २०८०)। यसलेविकासमा महिलाहरू निरक्षर हुनु समाज, परिवारको विकासमा बाधा उत्पन्न हुनु हो। पछिल्लो समयमा सामाजिक विकासमा महिला साक्षरताको सहभागिता बढाउन सरकारी तहभन्दा पनि समुदाय स्तरबाट विभिन्न

ठाउँहरूमा महिला विद्यालयहरू स्थापित भएका छन्। यस्ता विद्यालयहरूमा ललितपुरको सातदोबाटोमा स्थापित प्रेरणा महिला विद्यालय अग्रपङ्क्तिमा रहेको छ भने ललितपुर, काठमाडौँ, बुटवललगायतका विभिन्न ठाउँहरूका महिला विद्यालयहरू खोलिएका छन् । जसले गर्दा उमेरमा पढ्न नपाएका गृहिणी तथा किशोरीहरूले शिक्षा हाँसिल गर्ने मौका पाएका छन् ।

सरकारीस्तरबाट निरक्षरता दर घटाउन प्रौढ कक्षा, साक्षरता लगायतका अनौपचारिक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। महिला साक्षरता दर बढाउन नेपालभरिका सबै स्थानीय तहमा शैक्षिक रणनीतिको योजनासहित विभिन्न शिक्षामूलक कार्यक्रम सञ्चालन गर्न जरुरी छ। यस किसिमका कार्यक्रमहरूमा महिला विद्यालयहरू स्थापना गर्नुका साथै स्थानीय तहहरूले निजी तथा सामुदायिक विद्यालयहरूसँग समन्वय र सहकार्य गरी विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्न सक्ने वातावरणको सृजना हुनु आवश्यक छ ।

सामाजिक विकासमा सभ्य समाजको निर्माणमा शिक्षित पुरुष मात्रले सम्भव हुँदैन, शिक्षित महिलाको सहभागिता पनि उत्तिकै भूमिका रहेको हुन्छ। समाजलाई विकास र परिवर्तनको अवस्थामा पुऱ्याउन महिलाहरूको बौद्धिक र शैक्षिक क्रियाशीलता हुनुपर्ने महत्त्वबारे चेतना आवश्यक रहेको छ।

## *आर्थिक विकासमा महिलाको सहभागिता*

मानव सृष्टि र सभ्यताको विकाससँगै महिला–पुरुषको भूमिका उत्तिकै महत्त्व रहेको छ। त्यसैले सामाजको आर्थिक विकासमा दुवैको सहभागिता पनि उसत्तकै आवश्यक रहेको छ । नेपाल कृषिप्रधान देश हो । त्यसैले नेपाली समाजमा महिलाहरू खेतीपाती, पशुपालन, घरयासी उत्पादन, साना व्यापार र सेवा क्षेत्रमा महत्त्वपूर्ण योगदान दिँदै आएका छन् । विशेष गरी ग्रामीण क्षेत्रमा महिलाहरू कृषि कार्य, खाद्य उत्पादन तथा घरपरिवारको आर्थिक व्यवस्थापनमा प्रमुख भूमिकामा देखिएका छन् ।

महिलाको विषयमा तत्कालीन रानी ऐश्वर्यको पहलमा विभिन्न मन्त्रालयहरूमा महिला एकाइको गठन हुनुका साथै महिलासँग सम्बन्धित गैरसरकारी संस्थाहरू पनि खुले। जसले गर्दा महिलाहरू घरबाहिर पनि सहभागीका रूपमा काम गर्ने अवसर पाए। यसबेला उच्च शिक्षा हासिल गरेका महिलाले श्रीमान् र परिवारबाट अनुमति लिएर मात्र जागिर खानुपर्ने स्थिति थियो । त्यतिबेला नरनारी सम्बन्ध जति स्वच्छ भए पनि यौनको दृष्टिले हेरिनुको साथै अनैतिकताको लाञ्छना लगाइने प्रचलन थियो, जसलाई पितृसत्तात्मक सामन्ती दृष्टिकोणको उपज मान्नुपर्छ (त्रिपाठी, सन् २०१२, पृ. १६२ ) । यी कारणहरूले पनि महिलालाई घरबाहिर काम गर्न सजिलो थिएन ।

पछिल्ला दशकहरूमा शिक्षा विस्तार, सहरीकरण, वैदेशिक रोजगारीको प्रभाव र महिला सशक्तीकरणसम्बन्धी नीतिहरूका कारण महिलाको आर्थिक गतिविधिमा सहभागिता क्रमशः बढ्दै गएको छ। औपचारिक क्षेत्र, जस्तै– सरकारी सेवा, बैंक, उद्योग, पर्यटन र उद्यमशीलतामा पनि महिलाको उपस्थिति विस्तार हुँदै गएको छ। साथै सहकारी, साना र मझौला उद्यम र स्वरोजगारका अवसरहरूले महिलालाई आर्थिक रूपमा सक्रिय बनाउने आधार सृजना गरेका छन्।

यद्यपि महिलाहरू अझै पनि अधिकांश रूपमा अनौपचारिक क्षेत्रमा केन्द्रित छन् र उनीहरूले गर्ने धेरै कामहरू (जस्तैः घरेलु श्रम तथा पारिवारिक कृषि कार्य) आर्थिक रूपमा पूर्ण रूपमा मूल्याङ्कन गरिएको पाइँदैन । साथै रोजगारीको अवसर, समान पारिश्रमिक, सिप विकास र नेतृत्वको पहुँचमा पनि लैङ्गिक असमानता विद्यमान् छ।

यसै सन्दर्भमा सरकार तथा विभिन्न संस्थाहरूले महिला उद्यमशीलता प्रवर्धन, सिप विकास, वित्तीय पहुँच विस्तार तथा समान अवसर सुनिश्चित गर्ने कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन् । यसले भविष्यमा नेपाली अर्थतन्त्रमा महिलाको सहभागिता अझ प्रभावकारी र सुदृढ हुने अपेक्षा गरिएको छ। आर्थिक विकासमा महिला संलग्न भएका केही उदाहरण तल दिइएको तालिकामा प्रस्तुत गरिएको छ।

*तालिका २. आर्थिक विकासमा महिलाको सहभागिता*

| नाम | महिला दर | पुरुष दर |
|---|---|---|
| श्रमशक्ति सहभागिता | २७.६% | ५३–५४% |
| कृषि क्षेत्रमा संलग्न | ६७.८% | ५४% |
| सेवा क्षेत्रमा रोजगारी | २१.१% | २७% |
| उत्पादन र निर्माण क्षेत्रमा | १०.७% | १८–१९% |
| आफ्नो नाममा दर्ता भई व्यवसायमा रहेका | २९% | ७१% |

**स्रोतहरू** Women's Economic Participation in NepalM Insights from Nepal's 2021 Census / NIPoRe
Nepal Female labor force participation – data, chart . TheGlobalEconomy.com
Nurturing Nepali Talent to Foster Economic Growth
Women's participation and equal opportunities – sflGtk'/
Women's Economic EmpowermentM A Key to NepalÚs Sustainable Economic Growth / New Spotlight Magazine
Nepal's PositionM Women, Business, and Law 2023 – Nepal Economic Forum

माथिको तालिकाको तथ्याङ्कबाट नेपालमा महिलाको आर्थिक सहभागितासम्बन्धी श्रम बजारमा अझै पनि लैङ्गिक समानता रहेको देखिँदैन। कुल श्रमशक्ति सहभागितामा महिलाको दर २७.६ प्रतिशत मात्र रहेको देखिन्छ भने पुरुषको दर ५३–५४ प्रतिशत रहेको तथ्य स्पष्ट हुन्छ। यसले महिलाहरू पुरुषको तुलनामा औपचारिक आर्थिक गतिविधिमा कम संलग्न रहेको देखिन्छ। यसको प्रमुख कारण महिलाहरू घरेलु कामको बढी जिम्मेवारी, शिक्षा, सीपजस्ता कुराहरूमा सीमित पहुँच तथा रोजगारीका अवसरहरूमा लैङ्गिक भेदभाव देखिएको छ। घरयासी जिम्मेवारीमा अधिकांश समय खर्च भएकाले महिला र पुरुषमा यस किसिमको असमानता प्रस्ट रूपमा देखिएको हो। यसमा महिलाहरूको घरयासी भूमिकालाई कम गरी उत्पादनशील कार्यमा लगाउन सके श्रम सहभागिता बढ्ने कुरामा कुनै शङ्का रहने छैन। सिपमूलक तालिमजस्ता कार्यका लागि राज्यले लगानी गर्नुपर्ने देखिन्छ।

क्षेत्रगत रूपमा हेर्दा महिलाको ठुलो भाग कृषि क्षेत्रमा रहेको देखिन्छ। तथ्याङ्कअनुसार ६७.८ प्रतिशत महिलाहरू कृषि क्षेत्रमा संलग्न रहेको छन् भने पुरुषमा यो दर ५४ प्रतिशत मात्र रहेको छ। कृषि क्षेत्रमा प्रायः कम आय, अनौपचारिक श्रम तथा सामाजिक सुरक्षाको कमी भएको क्षेत्र मानिन्छ। सेवा क्षेत्र र उत्पादन तथा निर्माण क्षेत्रमा महिलाको सहभागिता कम रहेको छ। सेवा क्षेत्रमा महिलाको सहभागिता २१.१ प्रतिशत मात्र छ भने पुरुषको २७ प्रतिशत छ, त्यस्तै उत्पादन र निर्माण क्षेत्रमा महिलाको सहभागिता १०.७ प्रतिशत छ भने उत्पादन क्षेत्रमा १८–१९ प्रतिशत रहेको छ। यसबाट रोजगारीमा महिला र पुरुषबिच अझै असमानता रहेको देखिन्छ। त्यसैगरी उद्यमशीलताको क्षेत्रमा पनि असमानता स्पष्ट रूपमा रूपमा देखिन्छ। आफ्नै नाममा व्यवसाय दर्ता गर्नेमा महिलाको हिस्सा २९ प्रतिशत मात्र छ भने पुरुषको ७१ प्रतिशत रहेको छ। यसले महिलालाई व्यवसाय सुरु गर्न पुँजीको अभाव, सम्पत्तिमा सीमित स्वामित्व, वित्तीय संस्थाबाट ऋण प्राप्त गर्न कठिनाइ र सामाजिक समर्थनको कमीजस्ता चुनौतीहरू रहेको देखिएको छ। समग्र रूपमा ती तथ्याङ्कहरूले नेपालमा महिलाको आर्थिक योगदान महत्त्वपूर्ण भए पनि उनीहरू अझै पनि अवसर, पहुँच तथा निर्णय प्रक्रियामा पुग्न सकेका छैनन् भने कुरा प्रस्ट भएको तथ्यले बताउँछ। त्यसैले लैङ्गिक समानता हासिल गर्न महिलाको सीक्षा, सिप विकास, वित्तीय पहुँच तथा उद्यमशीलता प्रवर्धन गर्ने नीतिहरू अझ प्रभावकारी रूपमा लागु गर्न आवश्यक देखिन्छ।

सामाजिक विकासमा महिलाको आर्थिक अवस्थामा समानता ल्याउन मुख्य रूपमा शिक्षा र सिप विकासमा महिलाको पहुँच विस्तार गर्न अतिआवश्यक रहेको छ। जसले महिलाहरूलाई राम्रो रोजगारी र उद्यमशीलतामा सहभागी हुने वातावरणको सृजना हुन्छ। महिलालाई सहुलियत ऋण, अनुदान तथा आर्थिक कार्यक्रममार्फत् व्यवसाय सञ्चालन गर्न सहज पँहुच उपलब्ध गराउनु पर्ने देखिन्छ। साथै समान रोजगारी अवसर तथा समान कामका लागि समान पारिश्रमिक सुनिश्चित गर्ने नीतिहरू प्रभावकारी रूपमा कार्यान्वयन गरिएमा आर्थिक अवस्थामा रहेको लैङ्गिक असमानता कम गर्न मदत पुग्ने छ।

## *राजनीतिमा महिला सहभागिता*

विश्वका हरेक समाजको विकास जसरी नै नेपाली समाजको पनि मातृसत्तात्मक हुँदै क्रमशः पितृसत्तात्म स्थितिमा पुगेको देखिन्छ । समाजमा पितृसत्ताको पकड जति बलियो हुँदै गयो नारी माथिका बन्धनहरू पनि उति नै बलियो हुँदै गए (त्रिपाठी, सन् २०१२,पृ. १६०)। पुरुष मात्र स्वतन्त्र र बलियो भएर समाज विकास सम्भव हुँदैन। यो संसारमा आधा भाग महिलाले ओगटेका छन्। यो सृष्टि चल्न पनि महिला विना सम्भव नहुने कुरा प्रस्ट रहेको छ। भारतमा अङ्ग्रेजहरूको आधिपत्य भएको बेलामा नेपालमा पनि अङ्ग्रेजहरूले युद्ध गरेका थिए। त्यस्ता युद्धमा प्रतिरोधमा नेपाली महिलाको सहभागिता रहेको नालापानीको युद्धको इतिहासले प्रस्ट पारेको छ। राणा वंशको उदयपछि फेरि महिलाहरू घरभित्रै सीमित हुन पुगे। समाज परिवर्तनका लागि विभिन्न राजनीतिक आन्दोलनहरू भए । त्यस्ता आन्दोलनहरूले सामाजिक विकासमा महिला सहभागिताको अवस्था कस्तो थियो र त्यस किसिमका आन्दोलनले महिलाका शैक्षिक, आर्थिक, राजनीतिक अवस्थाको बारेमा अध्ययन हुन आवश्यक हुन्छ। विश्वका हरेक समाजमा विभिन्न प्रकारका परिवर्तन हुँदै आएका छन् । त्यस्ता परिवर्तनहरू मध्ये राजनीतिक परिवर्तनले पनि समाजमा असर पारेको हुन्छ । सामाजिक विकास हुनका लागि राजनीतिक अवस्थामा जति पुरुषको सहभागिता रहन्छ। त्यति नै महिला सहभागिताको पनि आवश्यकता रहन्छ। नेपालमा २००७ साल, २०१७ साल, २०३६ साल, २०४६ साल, २०५२/५३ साल, २०६२/६३ साल मा राजनीतिक आन्दोलनहरू भए । ती आन्दोलनहरूमा महिलाहरूको सहभागिता रहेको छ । २०१७ सालमा राजा महेन्द्रले संसदीय व्यवस्था खारेज गरी पञ्चायती व्यवस्था लागु गरेपछि महिलाहरूको सम्बन्धमा पहिलेको भन्दा केही चासो बढेको छ । तत्कालीन रानी ऐश्वर्याको पहलमा महिलासम्बन्धी केही कानुनहरूमा सुधार गरियो । ३५ वर्षसम्म विवाह नगरी बसेका महिलाले पैतृक सम्पत्तिमा पूरा अंश पाउने भए । विभिन्न मन्त्रालयहरूमा महिला एकाइको गठन, महिलासँग सम्बन्धित गैरसरकारी संस्था पनि खुले (त्रिपाठी, सन् २०१२, पृ. १६३ )। जसले गर्दा महिलाहरू घरबाहिर पनि सहभागिका रूपमा काम गर्ने अवसर पाए। २०४६ सालको जनआन्दोलनमा महिलाहरूको सहभागिता उच्च रहन गयो, जसका कारणले राज्यका तहबाट महिलाहरू सार्वजनिक क्षेत्रमा आउन ढोका खोलिदियो (रम्तेल, २०२५, पृ. ५७ )। यसैले २०४७ सालको निर्मित संविधानमा लैङ्गिक विभेद नगरिने केही बुँदाहरू समावेश भए। कानुनका दृष्टिमा महिला र पुरुष सबै समान हुने, समान कामका लागि महिला पुरुषमा भेदभाव नगरिने जस्ता कुराहरू पनि संविधानमा समावेश भए।

यसका साथै प्रतिनिधिसभाको निर्वाचनमा प्रत्येक दलले पाँच प्रतिशत महिला उम्मेदवार व्यवस्था गर्नुपर्ने र राष्ट्रिय सभामा पैँतिस जनामा तीन जना महिला हुनुपर्ने व्यवस्था गरियो। यो व्यवस्था पञ्चायती कालको भन्दा केही रूपमा प्रगतिशील कार्य भए पनि नागरिकताका सवालमा यो संविधान पूर्ण रूपमा पुरुष पक्षीय नै देखियो।

२०५२ सालमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) द्वारा सुरु भएको आन्दोलनमा महिला पुरुष दुवैलाई आफ्नो कार्यकर्ता बनाउने क्रम, जनसेनामा महिलाको समावेश, कम्ब्याट ड्रेसमा महिलाहरू पनि घुमफिर गर्ने अवस्थाको सृजना भयो। नेपालमा हुँदै आएको राजनीतिक परिवर्तनमा नेपाली महिलाको आन्दोलनले पनि महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ। राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक नेपालको संविधानको धारा ३८ मा उल्लेख गरिएको छ। यसका साथै महिलालाई वंशीय हक, सुरक्षित मातृत्व तथा प्रजनन्सम्बन्धी हक, सम्पत्ति र पारिवारिक मामिलामा दम्पत्तिको समान हक आदिको व्यवस्था हुने कुराको उल्लेख गरिएको छ (नेपाल संविधान, २०७२)। महिलालाई समानुपातिकको सुनिश्चिततासहित हाललाई राज्यका सबै क्षेत्रमा तेत्तिस प्रतिशत अनिवार्य सहभागिताको व्यवस्था हुनु महिला सहभागिताको निकै

सकारात्मक पक्ष हो । २०६४ देखि २०७९ सालसम्म संविधानसभा र प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षतर्फ प्राप्त उम्मेदवारी र नतिजाको तथ्याङ्क तलको तालिकामा दिइएको छ।

***तालिका ३. विभिन्न समयमा भएका संविधानसभा र प्रतिनिधिसभा निर्वाचनमा महिला सहभागिता***

| निर्वाचन साल | उम्मेदवार | | | निर्वाचित | |
|---|---|---|---|---|---|
| | कुल | पुरुष (%) | महिला (%) | पुरुष (%) | महिला (% |
| २०६४ | ३९४६ | ३५७८(९०.७%) | ३६८(९.३%) | २१०(७.५%) | ३०(१२.५%) |
| २०७० | ६१२४ | ५४५७(८१.१%) | ६६७(१९.९%) | २३० (९५.८%) | १० (४.२%) |
| २०७४ | १९२५ | १७८१ (९२.५%) | १४४(७.५%) | १५९(९६.५%) | ६(३.६%) |
| २०७९ | २४१२ | २१८७(९०.७%) | २२५ (९.३%) | १५६ (९४.५%) | ९ (५.५%) |

***स्रोतः निर्वाचन आयोग***

माथिको तालिकालाई विश्लेषण गर्दा २०६४ देखि २०७९ सम्मका निर्वाचनमा उम्मेदवार र निर्वाचित प्रतिनिधिहरूको र नतिजामा महिलाको सहभागिता पुरुषका तुलनामा निकै कम रहेको छ । तालिकामा प्रस्तुत तथ्याङ्कले चारोटै निर्वाचन वर्षमा उम्मेदवारी र निर्वाचन परिणाममा महिला र पुरुषबिच असमानता स्पष्ट रूपमा देखिएको छ।

२०६४ को निर्वाचनमा कुल ३९४६ उम्मेदवारमध्ये ३५७८ जना पुरुष ( ९०.७%) र ३६८ जना महिला (९.३%) उम्मेदवार रहेका थिए। यसबाट उम्मेदवारी चरणमै पुरुषको अत्यन्तै प्रभुत्व देखिएको छ। निर्वाचित प्रतिनिधि तथ्याङ्क हेर्दा २१० जना पुरुष (८९.५%) र ३० जना महिला (१२.५%) निर्वाचित भएका छन्। यसले महिला उम्मेदवारको सङ्ख्या कम भए पनि निर्वाचित प्रतिशत उम्मेदवारी प्रतिशतभन्दा केही बढी देखिएको छ।

२०७० को निर्वाचनमा कुल ६१२४ उम्मेदवारमध्ये ५४५७ जना पुरुष ( ८१.१%) र ६६७ जना (१९.९%) महिला उम्मेदवार रहेका थिए। यो वर्षमा महिला उम्मेदवारी अन्य वर्षमा भन्दा बढेको देखिएको छ। कुल निर्वाचितमध्ये २३० जना पुरुष (९५.८%) र १० जना महिला(४.२%) मात्र निर्वाचित भएका छन्। यसमा उम्मेदवारीमा महिला सहभागिता बढे पनि निर्वाचन परिणाममा त्यसको समानुपातिक प्रभाव नपरेको देखिन्छ।

२०७४ को निर्वाचनमा कुल १९२५ उम्मेदवारमध्ये १७८१ जना पुरुष ( ९२.५%) र १४४ जना (७.५%) महिला उम्मेदवार रहेका थिए। यो वर्षमा महिला उम्मेदवारी पुनः घटेको देखिएको छ। कुल निर्वाचितमध्ये प्रतिनिधिहरूमा १५९ जना पुरुष (९६.५%) र ६ जना महिला(३.६%) मात्र निर्वाचित भएका छन्। यसले निर्वाचन परिणाममा लैङ्गिक असमानता अझै बढेको देखिएको छ।

२०७९ को निर्वाचनमा कुल २४१२ उम्मेदवारमध्ये २१८७ जना पुरुष ( ९०.७%) र २२५ जना (९.३%) महिला उम्मेदवार रहेका थिए । निर्वाचित प्रतिनिधिहरूमा १५६ जना पुरुष (९४.५%) र ९ जना महिला (५.५%) रहेका छन्। यसले पछिल्ल वर्षहरूमा पनि महिलाहरूको उल्लेखनीय बृद्धि हुन नसकेको देखिएको छ।

प्रकृति दाहलको इकान्तिपुरमा प्रकाशित ‘प्रमुख दलबाट महिला उम्मेदवार ६ प्रतिशत मात्र’ लेखमा २०८२ सालको प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षतर्फका १६५ उम्मेदवारमध्ये प्रमुख दलहरूबाट न्यून सङ्ख्यामा मात्र महिलाले उम्मेदवारीको अवसर पाएका हुन् । प्रतिनिधिसभाको प्रत्यक्षतर्फ प्रतिस्पर्धाका लागि निर्वाचन आयोगमा ३ हजार ४ सय ८४ जनाले उम्मेदवार दर्ता गरेका छन् भने महिलाको सङ्ख्या ३ सय ९५ छ । यो कुल उम्मेदवारको ११.४ प्रतिशत मात्र हो।

कङ्ग्रेसको प्रत्यक्षतर्फ ११ जना महिलालाई उम्मेदवार बनाएको छ। कुल १६५ उम्मेदवारको ६ प्रतिशत हो। एमालेले प्रत्यक्षतर्फ ९ जना महिलालाई उम्मेदवार बनाएको छ,

पहिलेको निर्वाचनको तुलनामा घटेको छ। नेकपाले पनि ८ जना महिलालाई उम्मेदवार बनाएको छ, जुन पार्टीका कुल उम्मेदवारको ४ प्रतिशत मात्र हो। रास्वपाले १६४ निर्वाचन क्षेत्रमा उम्मेदवारी दिँदा १३ जना महिलालाई प्रत्यक्षतर्फ टिकट दिएको थियो, जुन पार्टीका कुल उम्मेदवारको ८ प्रतिशत मात्र हो। राप्रपाले १६४ निर्वाचन क्षेत्रमा उम्मेदवारी दिँदा ९ जना महिलालाई टिकट दिएको थियो, जुन पार्टीका कुल उम्मेदवारको ४.५ प्रतिशत मात्र हो।

समग्र रूपमा हेर्दा २०६४ देखि २०७९ सम्मका निर्वाचनहरूमा उम्मेदवारी र निर्वाचित दुवै तहमा पुरुषको प्रभुत्व रहेको प्रस्ट रूपमा देखिएको छ। उम्मेदवारीमा महिला सहभागिता केही वर्षमा बढे पनि निर्वाचन परिणाममा महिला प्रतिनिधित्व अत्यन्त न्यून रहेको छ। २०८२ को प्रत्यक्ष निर्वाचनमा विभिन्न दलहरूले दर्ता भएका कुल उम्मेदवारी तुलनामा महिलाहरूको सहभागितामा कम सङ्ख्यामा उम्मेदवारी छुट्याएका हुन्। यस अवस्थाले राजनीतिक दलहरूको उम्मेदवार छनोट प्रकृति, सामाजिक संरचना तथा राजनीतिक अवसरहरूमा रहेको लैङ्गिक असमानताको अवस्थालाई देखाएको छ। त्यसैले भविष्यमा महिला सहभागिता र प्रतिनिधित्व बढाउन नीति, कानुनी व्यवस्था र राजनीतिक दलहरूको प्रतिवद्धता आवश्यक देखिन्छ। त्यस्तै राज्य सञ्चालनमा पुरुष तथा महिलाको नेतृत्वको समान रूपमा भयो भने समाजको विकासले अग्रगति लिन्छ।

## *स्वास्थ्य क्षेत्रमा महिलाको अवस्था*

नेपालको स्वास्थ्य क्षेत्रको विकासमा समष्टि रूपमा नेपाल सरकार, अन्तर्राष्ट्रिय संस्थाहरू, राष्ट्रिय गैरसरकारी संस्थाहरू, निजी क्षेत्रहरू र स्वास्थ्यकर्मीहरूको अनवरत रूपमा मिहेनत गरिरहेका छन्। केही दशक अघिसम्म मानिसहरू विदेशको स्वास्थ्य उपचारमा भर पर्नुपर्ने थियो भने अहिले त्यसको आवश्यकता कम रहेको महसुस गरिएको छ।

वर्ल्ड बैंकको अध्ययनअनुसार सन् १९७५ मा (पचास वर्ष अघि) नेपालीको औसत साधारण आयु ४५.५ मात्र थियो भने यो सन् २०२३ सम्म आईपुग्दा ७०.३५ पुगेको छ (Nepal Life Expectancy, 2023)। स्वास्थ्य सेवामा भएको विकासको कारणले यो सम्भव भएको हो। स्वास्थ्यप्रतिको चेतनाको कमीले अहिले पनि पहाड तथा ग्रामीण क्षेत्रमा कैयौँ मानिसहरूले धामी झाँक्रीको भर पर्ने गरेका छन्। त्यसो त धामीझाँक्रीमाथि विश्वास गर्ने चलन विस्तारै घट्ने क्रममा छ।

स्वास्थ्य सेवाको पहुँच तथा समुदायमा चेतनाको विकासको साथसाथै स्वास्थ्य सेवा अझ दरिलो हुँदै गइरहेको प्रष्ट देखिएको छ। स्वास्थ्य सेवाको यो अभियानमा सबैभन्दा महत्त्वपूर्ण काम महिलाहरूको रहेको छ। देशमा पचास हजारभन्दा बढी सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरू स्वास्थ्य सेवामा संलग्न छन्। उनीहरूको सेवामा विशेष गरी यी काम कर्तव्यहरू रहेका छन्–

१. पोषण तथा सरसफाईसम्बन्धी चेतनामा सहयोग,
२. परिवार नियोजनसम्बन्धी ज्ञान बाँड्नु,
३. गर्भवती महिलाहरू र तिनका परिवारलाई प्रजनन स्वास्थ्यसम्बन्धी सचेतना गराउनु,
४. विभिन्न खोप कार्यक्रमहरू बारे जानकारी दिनु र खोपको लागि स्वास्थ्य चौकी वा अस्पताल जान प्रोत्साहित गर्नु,
५. प्रसूतिको लागि स्वास्थ्य संस्थामा जान सहयोग गर्नु र स्वास्थ्य संस्थामा प्रसूति गराउन प्रोत्साहित गराउनु आदि

(UNFA Nepal, 2018)

स्वास्थ्य सेवामा वर्तमान अवस्थामा नेपाली महिलाहरू धेरै सङ्ख्यामा नर्स पेशामा रहेको र तिनीहरूको उत्कृष्ट सेवाको मानिसहरूले उपभोग गर्न पाएका छन्। यी नर्सहरूमध्ये धेरै जनाले विभिन्न सेवामा दक्षता हासिल गरेका हुन्छन्। जस्तै, सुरक्षित मातृत्व तालिम, प्रसूति सेवा तालिम, मातृशिशु स्वास्थ्यको तालिम, शिशु स्वास्थ्य सुधारको तालिम आदि।

महिला स्वास्थ्यकर्मीको स्वास्थ्य क्षेत्रमा भएको

योगदानले समुदायहरूमा ठुलो सेवा पुगेको छ। तिनीहरूको सेवाको कारणले महिला स्वास्थ्यकर्मीहरू आफैँ दक्ष हुने मात्र नभई समुदायमा महिलाहरूलाई स्वास्थ्यसम्बन्धी चेतनशील बनाउने, नेतृत्व गर्ने, निर्णय गर्ने र समाजमा भइरहेको सेवाको भावनाले गर्दा समाज विकासमा सकारात्मक प्रभाव पारेको छ। महिला स्वास्थ्यकर्मीका सहभागिताले नेपालमा धेरै परिवर्तनहरू ल्याएको तलको तालिकाले अझ प्रस्ट बनाउँछ।

***तालिका ४ स्वास्थ्य क्षेत्रमा महिलाको अवस्था***

| नाम | सन् २०१०/११ | सन् २०२२/२३ | उपलब्धि |
|---|---|---|---|
| मातृ मृत्यु दर (प्रति १००,००० जन्म) | २२९ | १५१ | घटेको |
| संस्थागत प्रसूति | ३५% | ७९% | वृद्धि |
| दक्ष स्वास्थ्यकर्मीबाट प्रसूति | ३६% | ८०% | वृद्धि |
| पाँच वर्ष मुनिका बाल मृत्यु | ५४ | ३३ | घटेको |
| पूर्ण खोप प्राप्त बालबालिका | ८०% | ९०% | वृद्धि |

स्रोतः Progress of Health and Population Sector– 2024-25
The Kathmandu Post –Dec6,2023
Progress of Health and Population Sector 2022/23(2079/80 BS) :
httpsM//hmis.gov.np/posts/single/Nepal-health-fact-sheet-2025

माथिको तथ्याङ्कले सन् २०१०/११ देखि सन् २०२२/२३ सम्म नेपालमा मातृशिशु स्वास्थ्थ उल्लेखनीय सुधार भएको देखिएको छ। मातृमृत्यु दर प्रति १००,००० जीवित जन्ममा २२९ बाट घटेर१५१ पुगेको छ, जसले सुरक्षित मातृत्व सेवामा प्रगति भएको देखिन्छ। त्यस्तै संस्थागत प्रसूती ३५ प्रतिशतबाट बढेर ७९ प्रतिशत पुगेको छ र दक्ष स्वास्थ्यकर्मीबाट गरिने ३६ प्रतिशतबाट बढेर ८० प्रतिशत पुगेको छ। यसले गर्भवती महिलाहरू स्वास्थ्थ संस्थामा प्रसूति गराउनतर्फ बढी आकर्षित भएको सङ्केत देखिन्छ। पाँच वर्षमुनिका बालबालिकाको मृत्यु दर ५४ बाट घटेर ३३ पुगेको छ भने खोप प्राप्त गर्ने बालबालिकाको प्रतिशत ८० प्रतिशत बढेर ९० प्रतिशत पुगेको छ, जसले बाल स्वास्थ्य क्षेत्रमा सुधार भएको देखिएको छ।

दश, पन्ध्र  वर्षको समयावधिमा देशमा स्वास्थ्य सेवामा भएको उपलब्धि स्पष्ट हुन्छ। यो उपलब्धिको श्रेय सबैभन्दा बढी महिला सहभागिताको कारणले हुन आएको हो। मातृ शिशुको स्वास्थ्य सुधार, स्वास्थ्य सेवाको विस्तार, स्वास्थ्यसम्बन्धी चेतनाको अभिबृद्धि हुनुमा महिला सहभागिताको अति महत्त्वपूर्ण रहेको छ भन्ने कुरा प्रमाणित भएको छ।

***निष्कर्ष***

जातीय र सांस्कृतिक हिसाबले नेपाली समाज विविधताले भरिपूर्ण रहेको छ। समाजभित्र सबै खाले मानिसहरू मिलेर बस्दै आएका छन्। सामाजिक संरचनामा महिलाहरूलाई दोस्रो दर्जाका मानिसका रूपमा हेरिँदै आएको भए पनि महिलाका समुदायको शिक्षा, राजनीतिक चेतना, स्वास्थ, आर्थिक सहभागिता पहिलेको तुलनामा सकारात्मक ढङ्गले विकासको प्रक्रियाबाट बिस्तारै अघि बढिरहेको छ। यो अनुसन्धानले नेपालका शिक्षा, स्वास्थ्य, अर्थतन्त्र र राजनीतिमा महिलाको सहभागिताको अवस्था, त्यसका प्रभाव तथा सहभागिता वृद्धि गर्ने उपायहरूको अध्ययन गर्ने क्रममा सबै विश्लेषणबाट नेपालमा विभिन्न क्षेत्रमा महिलाको सहभागिता क्रमशः बढ्दै गएको भए पनि अझै पनि पुरुषको तुलनामा उल्लेखनीय रूपमा महिलाको अवस्था कमजोर रहेको रहेको तथ्य प्रस्ट भएको पाइन्छ। शिक्षा क्षेत्रमा महिला साक्षरता दरमा सुधार भए पनि ग्रामीण तथा दुर्गम क्षेत्रमा निरक्षरता अझै उच्च छ, जसले महिलाको आत्मनिर्भरता र निर्णय क्षमतामा सीमितता ल्याएको देखिन्छ। आर्थिक क्षेत्रमा महिलाहरू कृषि तथा

अनौपचारिक क्षेत्रमा बढी संलग्न भए तापनि औपचारिक रोजगार, उद्यमशीलता र नेतृत्वमा उनीहरूको पहुँच सीमित छ । राजनीतिक क्षेत्रमा संवैधानिक व्यवस्था भए पनि व्यावहारिक रूपमा महिला प्रतिनिधित्व न्यून रहेको छ तथा राजनीतिक दलहरूले पर्याप्त अवसर प्रदान गर्न नसकेको अवस्था देखिन्छ। स्वास्थ्य क्षेत्रमा भने मातृशिशु स्वास्थ्य सुधार, संस्थागत प्रसूति वृद्धि र खोप कार्यक्रम विस्तारसँगै महिलाको भूमिका विशेषगरी सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरू मार्फत् उल्लेखनीय रहेको छ। यी सबै क्षेत्रहरूको विश्लेषणबाट के स्पष्ट हुन्छ भने महिलाको सहभागिताले सामाजिक विकासमा सकारात्मक प्रभाव पार्ने भए पनि संरचनागत, सामाजिक तथा सांस्कृतिक अवरोधहरू अझै कायम छन् । पितृसत्तात्मक सोच, अवसरको असमान वितरण, शिक्षा र सिपमा पहुँचको कमी तथा नीति कार्यान्वयनमा कमजोरी प्रमुख चुनौतीका रूपमा देखिएका छन् । त्यसैले महिला सशक्तीकरणका लागि शिक्षा, आर्थिक अवसर, राजनीतिक प्रतिनिधित्व र स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्न राज्यले दीर्घकालीन र प्रभावकारी नीति अवलम्बन गर्न आवश्यक छ । यसका साथै महिला लक्षित शिक्षा, सीप विकास, उद्यमशीलता प्रवर्धन, समान पारिश्रमिकको कार्यान्वयन, राजनीतिक सहभागिताको सुनिश्चितता र स्वास्थ्य सेवामा पहुँच विस्तारलाई प्राथमिकतामा राखिनुपर्छ। सबै क्षेत्रमा महिलाहरूको समान र अर्थपूर्ण सहभागिता सुनिश्चित भए मात्र समावेशी, न्यायपूर्ण र दिगो सामाजिक विकास सम्भव हुने देखिन्छ।

## *सन्दर्भ सामग्रीसूची*


अधिकारी, ज्ञानु (२०६७). 'नारीवादी समालोचनाको सैद्धान्तिक स्वरूप र विकास'. *गरिमा.* ( नारीसृजना विशेष). वर्ष २८, अङ्क ७, पूर्णाङ्क ३३१, पृ. ६८–७५ ।

उप्रेती, सञ्जीव (२०६८). *सिद्धान्तका कुरा.* काठमाडौँ : अक्षर क्रियसन्स नेपाल।

टाइसन, लुइस(सन् १९५०) . *क्रिटिकल थ्यौरी टुडे.* (सम्पा.). (दोस्रो सस्क.). लन्डन : रुटलेज।

त्रिपाठी, सुधा (सन् २०१२). *नारीवादको सौन्दर्य चिन्तन.* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन।

दाहल, प्रकृति (२०८२). 'प्रमुख दलबाट महिला उम्मेदवार ६ प्रतिशत मात्र'. *इकान्तिपुर.* (माघ ७)।

नेपाल सरकार (२०७२). *नेपालको संविधान.* कानुन किताब व्यवस्था समिति।

नेपाल सरकार (२०७८०. *राष्ट्रिय जनगणना (२०७८) को अन्तिम नतिजा.* काठमाडौँ : केन्द्रीय तथ्याङ्क कार्यालय थापाथली।

रम्तेल, परशुराम ( सन् २०२५). 'नेपाली राजनीतिमा दलित महिलाको सहभागिता'. *समाज अन्वेषण.* (वर्ष–३. अङ्क–२. पृ. ५७)।

राई, मधु (२०८०). 'समाजलाई गतिशील र सभ्य बनाउन महिला शिक्षा'. *इकान्तिपुर.* (पुस २४)।

शर्मा, सीता (२०७५–७६). 'महिला शिक्षा'. *रातो लालटिन त्रैमासिक*।

https://trendonify.com/nepal/life-expectancy/utm_source.chatgpt.com

https://nepal.unfpa.org/en/publications/unfpa-annual-report.20

https://www.macrotrends.net/global-metrics/countries/npl/nepal/life-